केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१३/०७०/७१ मिति: २०७०/०८/१४

**"क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ (दोस्रो संशोधन अध्यादेश २०७०) को दफा २९ङ. को उपदफा (१) बमोजिम संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्बाट पारित निर्णय बमोजिम सूचीकृत भएका आतंककारी व्यक्ति, समूह वा सङ्गठनको अद्यावधिक सूची नेपाल सरकार, परराष्ट्र मन्त्रालयले आफ्नो वेवसाइटमा राख्ने र सो सूचीमा रहेका आतंककारी व्यक्ति, समूह वा सङ्गठनको सम्पत्ति वा कोष रोक्का राख्न सोही दफाको उपदफा (२) र (३) बमोजिम नेपाल सरकार, गृह मन्त्रालयले आदेश जारी गरी वेबसाइटमा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ । साथै, सोही दफाको उपदफा (४) बमोजिम इजाजतपत्रप्राप्त संस्थाहरुले नियमित रुपमा वेवसाइट हेरी प्रकाशित सूचीमा उल्लिखित व्यक्ति, समूह वा सङ्गठनको बारेमा अद्यावधिक जानकारी हासिल गरी गृह मन्त्रालयको आदेश बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तीनकुने, काठमाण्डौं ।अ